आज मितिः२०७८।११।०२ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथी छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिती रहेको छ ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कुमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | टेकराज पन्थी | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## बाणगङ्गा, कपिलवस्तु

## लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७८।११।०२

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. एकीकृत गरिबी निवारण परियोजनाको अवधारणा पत्र सम्बन्धमा।

२. नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने सम्बन्धमा।

३. विविध

## निर्णयहरु:-

**निर्णय नं. १**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश अन्तर्गत संचालित प्रदेश तथा स्थानीय शासन सहयोगतर्फ स्वीकृत कार्यक्रम अन्तर्गत नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ बमोजिम अवधारणा पेश गर्ने सम्बन्धी मिति २०७८।१०।१९ को प्रकाशित सूचना बमोजिम यस नगरपालिकाको क्षेत्र भित्र कार्यान्वयन हुने गरी बाणगङ्गा नगरपालिकाको तर्फबाट ब्यहोर्नु पर्ने लागत साझेदारी सहितको रकम रु. १ करोड ५० लाख भित्र रही कार्यक्रम संचालनका लागि तयार गरिएको एकीकृत गरिबी निवारण परियोजनाको अवधारणा पत्र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

नवप्रवर्तन कार्यक्रमको तर्जुमा र कार्यान्वयनको सहजीकरणका लागि निम्न बमोजिमको नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरीयो।

तपसिल:

| | | |
|---|---|---|
| १. | नगर उपप्रमुख | - संयोजक |
| २. | कार्यपालिका सदस्य मध्येबाट नगरप्रमुखले तोकेको १ जना सदस्य | - सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ४. | आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| ५. | कृषि विकास शाखा प्रमुख | - सदस्य |
| ६. | पशु सेवा शाखा प्रमुख | - सदस्य |
| ७. | योजना शाखा प्रमुख | - सदस्य सचिव |